शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश नेपाल

**ढुंगा, गिट्टी, वालुवा उत्खनन्, संकलन एवम् विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना ।**

( प्रथम पटक प्रकाशित भएको मिति २०८०/११/२१ )

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) को बुदा नं. (६), दफा ६२ (क) दफा ६४ को उपदफा १ (च), नेपाल सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, शितगंगा नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७६, प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमती र शितगंगा नगरपालिका नगरकार्यपालिकाको निर्णय अनुसार तोकिएका नदी खोलाहरुको स्वीकृत घाट/क्षेत्रहरुबाट निर्धारित मापदण्ड बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन २०८० मा उल्लेखित दररेटमा तोकिएको स्थानबाट बिक्री गर्नुपर्ने भएकोले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा यस सूचनामा उल्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही न्यूनतम ठेक अंकमा नघटने गरी तपशिलमा उल्लेखित अवधि सम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक मूल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरु आफूले लिन चाहेको ठेक्काको बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) यसै कार्यालयमा नगद बुझाई मिति २०८०/१२/२० गते कार्यालय समय भित्र छुट्टा-छुट्टै खरिद गरि आफुले कवुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधि मार्फत आफूले कवोल गरेको (मु अ कर बाहेक) ठेक्का अंकको ५% का दरले हुन आउने धरौटि रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको ३३८०१००३०३०१०००३ धरौटि खातामा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको जमानत पत्र राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सहिछाप गरि मिति २०८०/१२/२१ गतेका दिन १२:०० बजे भित्र बोलपत्र यस कार्यालयमा दर्ता गर्नुहुन र पेश हुन आएका बोलपत्रहरु सोहि दिनको १:०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ । शर्त बन्देज तथा थप जानकारीको लागी नगरपालिकाको सूचना पाटी/Website- shitagangamun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१. आन्तरीक बिक्री तर्फ : **ढुंगा, गिट्टी, बालुवा र मिस्कट ।**

| सि.नं. | ठेक्का नं. आ.व.२०८०/०८१ | नदी/खोला तथा घाटको नाम | उत्खनन परिमाण (घ.मि.) | न्युनतम ठेक्का अङ्क रु.( मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | उत्खनन् तथा विक्री समयावधि( सम्झौता भएको मितिले) |
|---|---|---|---|---|---|---|
| १ | ३४ (आ ११) | राप्ती नदी -राप्ती वगर गढवा,राप्ती गा.पा सिमाना क्षेत्र | १०१७५ | २८८००००।- | ३००० | २०८१ जेष्ठ मसान्त सम्म |
| २ | ३५ (आ १२) | राप्ती नदी-राप्ती वगरको पल्टेडाँडा उत्तर तर्फको क्षेत्र | १२७०५ | ३६०००००।- | ३००० | २०८१ जेष्ठ मसान्त सम्म |

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ३६ (आ १३) | रङ्गसिङ्ग खोला- बेलदमार पुच्छार देखि खारघाट गाँउको पुच्छार सम्मको क्षेत्र | ८९१० | २५२००००।- | ३००० | २०८१ जेष्ठ मसान्त सम्म |
| ४ | ३७ (आ १४) | रङ्गसिङ्ग खोला- रागाकाटे देखि केरावारी सम्मको क्षेत्र | ९४३८ | २६७००००।- | ३००० | २०८१ जेष्ठ मसान्त सम्म |
| ५ | ३८ (आ १५) | गुडरुङ खोला फायरिङ क्षेत्र देखि तिरतिरे भन्दा माथिको क्षेत्र | ७९२० | २२४००००।- | ३००० | २०८१ जेष्ठ मसान्त सम्म |
| ६ | ३९ (आ १६) | कोन्द्रे खोला क्षेत्र | ८२५० | २३४००००।- | ३००० | २०८१ जेष्ठ मसान्त सम्म |

प्रमुख प्रशासकीय अधिकृत

## शर्त तथा बन्देजहरु :

१. संघीय सरकार, प्रदेश सरकार, जिल्ला अनुगमन समिति र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

२. ठेकेदारबाट कुनै सर्त राखिएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाहि गरिने छैन । ठेकेदार र नगरपालिका कार्यालय विच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसार सर्त तथा बन्देजहरु समेत राखिनेछ ।

३. प्राकृतिक स्रोतको मूल्य तराई क्षेत्र संग सिमाना जोडिएको क्षेत्रमा प्रती क्यू फिट ८।- र पहाडि क्षेत्रको लागि प्रति क्यू फिट रु ६।- का दरले राजश्व असुल गर्नुपर्नेछ । बोलपत्रमा उन्लेखित न्यूनतम ठेक्का अङकमा मुल्य अभिवृद्धि कर समावेश नभएकोले ठेकेदारले रोयल्टी असुल गर्दा तोकिएवमोजिम मुल्य अभिवृद्धि कर थप गरी रोयल्टी असुल गर्नु पर्नेछ । बोलपत्रमा उल्लेखित रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. बोलपत्र स्वीकृत भएपश्चात सूचना पाएको वा पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र ठेक्का अंकको पुरै रकम, अग्रीम आयकर र मु.अ.कर एकमुष्ठ ठेक्का सम्झौताको वखत जम्मा गर्नु पर्नेछ । यदि कवोल रकम पुरै जम्मा गर्न नसके कवोल अङकको ५०%, अग्रीम आयकर र मु.अ.कर बुझाई वाकि रकम बरावरको नेपाल राष्ट्र बैकंबाट मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ । वाकी रकम कुल संझौताको समयावधिको आधा अवधि भित्र सम्झौतामा उल्लेख हुने समयमा बुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता नबुझाएमा बैंक जमानतबाट असुल गरिने छ ।

५. ठेकेदारले नदिजन्य पदार्थ बिक्री गर्दा घरायसी कामकाज र उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यहरुमा प्राथमिकता दिई उपलव्ध गराउनु पर्नेछ । कुनै आयोजनां वा संस्थाले मात्र पाउने गरी बिक्री गर्न पाउने छैन ।

६. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको रोयल्टी शुल्क उठाउदा प्रयोग गर्ने सिलसिलेवर नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट ३ प्रतिका दरले छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । रोयल्टी असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा, प्रमाणीत नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नु पुर्व लगाईएको रेखाङकन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा गहिरो हुनेगरी उत्खनन् गरेको पईएमा पहिलो पटक रु.२००००।- पुनः दोहोरीएमा रु.४०००० जरिवाना र पटकै पिच्छे दोहोरिएमा जमानत जफत गरी ठेक्का तोडन सकिने छ ।

७. प्राकृतीक श्रोत शुल्क (रोयल्टी) तोकिएको स्थानबाट मात्र बिक्री गर्नु पर्नेछ । राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट राखि वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाइने छैन साथै संकलन, उत्खनन् गरिने क्षेत्र, परिमाण, विधि, समयावधि र  दर रेट सहितको होडिंग बोर्ड आयोजना स्थलमा राख्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भई संझौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा वाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईने छैन ।

९. बिक्री भएको परिमाणको विवरण खुल्नेगरी प्रत्येक १५ दिनमा नगरपालिकाबाट तोकिएको ढाँचामा यस कार्यालयमा बिक्री सम्बन्धी विवरण पेश गर्नु पर्नेछ ।

१०. तोकिएको स्थान बाहेक अन्य स्थानबाट वालुवा गिट्टी, ढुंगा, मिस्कट निकाल्न पाइने छैन । संकलन गर्ने कार्य कामदारबाट घरेलु उपकरणको प्रयोग गरि गराउनु पर्नेछ । घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

११. घाटहरुमा बिक्री हुने वालुवा गिट्टी, ढुंगा, मिस्कटको परिमाण उल्लेख भएको नगदि रसिद प्रयोग गरी ढुवानी प्रवन्ध मिलाउनु पर्नेछ । वालुवा गिट्टी, ढुंगा, मिस्कट निकाशि गर्ने चलन चल्तीको बाटो बाहेक नया बाटो खोल्न पाईने छैन । बाटो मर्मतको व्यवस्था ठेकेदार स्वयम आफैले गर्नुपर्ने छ । खर्चको दावि गर्न पाईने छैन ।

१२. बस्ती क्षेत्रमा हर्न वजाउन साथै हावा चलेको, बाढी आएको समयमा उत्खनन्, संकलन गर्न पाईने छैन साथै स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्यमा लगाउनुपर्ने छ । कामदारको लागी प्राथमिक उपचार र मास्कको व्यवस्था मिलाउनु पर्ने छ ।

१३. खोला/नदीको घाट वा आकृति विग्रनेगरि नदी किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड फोड गर्न पाईने छैन । तोकिएको अवधि सम्म तोकिएको परिणाम बिक्री हुन नसकेपनि सो को जिम्मेवार स्वयम व्यवसायि हुनुपर्नेछ । कवोल गरेको रकममा छुट दावा गर्न पाईने छैन ।

१४. ठेक्का समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र पेश गरेपछि मात्र धरौटि रकम फिर्ता दिईने छ ।

१५. ठेकेदारले ढुङगा, गिट्टी, वालुवा, ग्रावेल संकलन/उत्खनन् कार्य गर्दा गराउदा सम्बन्धित खोला/नदीको स्वीकृत (IEE) मा उल्लेखित शर्तहरुको पुर्ण पालना गर्नु पर्नेछ । (IEE) सर्त पालना गर्दा वातावरणीय नकारात्मक प्रभाव न्यूनिकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले बेहोर्नु पर्नेछ । नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा खोलाबट नदीजन्य पदार्थ झिक्न पाईने छैन् ।

१६. खोला/नदीमा बाढी आएको बेला संकलन गर्न पाईनेछैन । साथै संकलन तथा ढुवानी कार्यमा स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ ।

१७. नदिजन्य पदार्थ संकलन तथा उत्खननको लागि तोकिएको स्थानबाट तोकिएको परिमाण बराबरको नदिजन्य पदार्थ निकाशि भएको भनी प्राविधिकबाट नापजाँच गरी प्रतिवेदन पेश हुन आएमा वा नगदि रसिदको आधारमा तोकिएको परिमाण निकासी  भएको पाइएमा जुनसुकै समयमा पनि ठेक्का समाप्त गर्न सकिने छ ।

१८. ढुङगा, गिट्टी,वालुवा, मिस्कटको उत्खनन्, संकलन तथा ढुवानी गर्दा गराउँदा जिल्ला अनुगमन तथा समन्वय समिति लगायतका निकायबाट हुने रेखदेख, नियन्त्रण, नियमन, सम्पर्क, समन्वय, सहयोग सम्बन्धमा संघीय र प्रदेश सरकारको निर्णय मुताविकका प्रावधानको पालना गर्नु पर्नेछ ।

१९. बोलपत्र खरिदको लागि  आफ्नो व्यावसाय संग सम्बन्धित प्रमाण पत्र, मु अ कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रहरुको फोटोकपि संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ ।

२०. यो सूचनामा उल्लेख भएका शर्तहरु यस वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत